आज मिति २०७९ साल असार ०९ गते विहिबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा ३ (तेश्रो) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्यः श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री राजन पौडेल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. अघिल्लो कार्यकालको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

३. नमोबुद्ध नगरपालिकाको नगर कार्यपालिका बैठक संचालन कार्यविधि, २०७४ सम्बन्धमा।

४. नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ सम्बन्धमा।

५. नमोबुद्ध नगरपालिका नगर सभा संचालन कार्यविधि, २०७४ सम्बन्धमा।

६. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. नामाकरण गर्ने सम्बन्धमा।

२. स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा।

३. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा।

४. बजेट निर्माण तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा।

५. कक्षा थपको लागि अनुमति सम्बन्धमा।

६. विद्यालय छनोट गर्ने सम्बन्धमा।

७. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।

८. विविध।

निर्णयहरु:

निर्णय नं. १:

स्थानीय तह सदस्य निर्वाचन, २०७९ बाट निर्वाचित भई नेपालको संविधानको भाग-१८ को धारा २२३. नगर सभाको गठन बमोजिम गठित नमोबुद्ध नगरपालिकाको नगर सभाको दोश्रो कार्यकालमा संचालन हुने नगरसभालाई दोश्रो नगर सभा र क्रमश संचालन हुने अधिवेशनलाई पहिलो अधिवेशन भनि नामकरण गर्ने।

निर्णय नं. २:

नमोबुद्ध नगरपालिकाको नगर उप-प्रमुख श्रीमान् रत्न बहादुर लामाज्यूको संयोजकत्वमा मिति २०७९ असार ०८ गते बसेको स्थानीय राजश्व परामर्श समितिले पेश गरेको आर्थिक विधेयक, २०७९, सो सँग संलग्न अनुसूचीहरु र आर्थिक वर्ष २०७९/०८० को लागि प्रक्षेपण गरिएको वार्षिक अनुमानित राजश्वको प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं. ३:

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको संयोजकत्वमा मिति २०७९ असार ०७ गते बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरेको आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय, अनुमानित व्यय, विनियोजन विधेयक, २०७९, सो सँग सम्बन्धित अनुसूचीहरु, बजेट सिलिंगङ्ग लगायत उल्लेख भएको प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं. ४:

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको संयोजकत्वमा मिति २०७९ असार ०७ गते बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरेको देहाय बमोजिमको बजेट निर्माण तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने।

देहायः

क. योजना छनोट र प्राथमिकता सम्बन्धी आधारहरुः

१. नेपालको संविधान।

२. दिगो विकास लक्ष्य।

३. २५ वर्षे दुरदृष्टी सहितको १५ औं पञ्चवर्षिय योजना।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

५. नेपाल सरकारको आ.व. २०७९/८० को बजेटको उद्देश्य र प्राथमिकता।

६. बागमती प्रदेश सरकारको आ.व. २०७९/८० को बजेटको उद्देश्य र प्राथमिकता।

७. स्थानीय माग र आवश्यकता।

८. ठुला र गौरवका आयोजनाहरु।

९. अधुरा र पुरा गर्नैपर्ने जनमुखी आयोजनाहरु।

१०. उत्पादन बृद्दी र रोजगार प्रवर्धन गर्ने खालका आयोजनाहरु।

११. दिगो प्रतिफल दिने, टिकाउ र धेरै जनसंख्या लाभान्वित हुने कार्यक्रम तथा आयोजनाहरु।

ख. वडा स्तरीय बजेट निर्माणको मार्गदर्शनः

१. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तोकेको वडागत बजेट सिलिङको सिमा भित्र रही बजेट निर्माण गर्नुपर्नेछ।

२. वडागत रुपमा छनोट गरिएका योजनाहरु मध्ये कम्तिमा एउटा योजना वडास्तरीय गौरवको आयोजना मानि रकम रु. १० लाख भन्दा बढीको हुनुपर्नेछ।

३. कम्तिमा २ वटा आयोजनाहरु रकम रु. ५ लाख भन्दा घटीको हुन नहुने।

४. वडागत रुपमा छनोट गरिएका योजना तथा कार्यक्रम मध्ये कम्तिमा एउटा योजना तथा कार्यक्रम महिला, बालबालिका, दलित, अशक्त, जेष्ठ नागरिक लगायतका लक्षित वर्ग विशेष कार्यक्रम हुनुपर्नेछ।

५. अधुरा योजनाहरुलाई प्राथमिकता दिनुपर्नेछ।

६. वडागत रुपमा छनोट गरिएका तर आर्थिक वर्ष २०७९/०८० मा समावेश गर्न नसकिएका योजनाहरु प्राथमिकीकरण गरी योजनाहरु परियोजना बैंक बनाई वडा कार्यालयमा सुरक्षित राखुपर्नेछ।

७. वडा स्तरीय बजेट तर्जुमा गरी वडा समितिको बैठकको अनुमोदन गरिएको निर्णय सहित मिति २०७९/०३/२० भित्र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सचिवलयमा पेश गरिसक्नुपर्ने छ।

ग. <u>विषयगत बजेट निर्माण मार्गदर्शनः</u>

१. बढि प्रतिफल दिने र विषयको उद्देश्य पुरा गर्ने खालका कार्यक्रम छनोट गर्नुपर्ने।

२. सामुहिक लाभ हुने खालका कार्यक्रम छनोट गर्नुपर्ने।

३. सकेसम्म वितरणमूखी कार्यक्रम छनोट नगर्ने र गर्नैपर्ने भनी विषयगत समितिबाट सहमतीमा सामुहिक वितरणको मोडेलमा गर्नुपर्ने।

४. चालु प्रकृतिको खर्च कम हुनेखालको आयोजना छनोट गर्नुपर्ने।

<u>निर्णय नं. ५:</u>

यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०४ स्थित श्री जनक माध्यामिक विद्यालयको प.सं. २०७८/०७९, च.नं. १८१, मिति २०७९/०२/०९ गतेको अनुमति सम्बन्धमा प्राप्त पत्र र सोहि पत्र साथ संलग्न मिति २०७९/०१/१५ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकका सन्दर्भमा श्री जनक माध्यमिक विद्यालयल शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरबाट प्राविधिक धार (पशुविज्ञान) विषयमा छनोट भई शैक्षिक सत्र २०७८ मा कक्षा ११ संचालन गर्ने अनुमति लिई पठनपाठन संचालन हुदै आएकोमा सोही धार तर्फ कक्षा १२ संचालन गर्न अनुमति माग गरेकोले उक्त विद्यालयलाई शैक्षिक सत्र २०७९ देखि पशुविज्ञान धार तर्फ कक्षा १२ संचालन गर्नका लागि नियमानुसार अनुमति दिने।

<u>निर्णय नं. ६:</u>

महाराजगञ्ज, चक्रपथ, काठमाडौंमा अवस्थित पिस कोर र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय बीच सम्झौता अनुसार पिस कोर स्वयंसेवक तपशिल बमोजिमको विद्यालयमा परिचालन हुने गरी छनोट गर्ने।

तपशिलः

| क्र.म. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री लक्ष्मी नारायण माध्यमिक विद्यालय | नमोबुद्ध नगरपालिका-०१ | |
| २ | श्री जनक माध्यमिक विद्यालय | नमोबुद्ध नगरपालिका-०४ | |
| ३ | श्री जनहित माध्यमिक विद्यालय | नमोबुद्ध नगरपालिका-०७ | |

निर्णय नं. ७:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशन (बजेट अधिवेशन) मा पेश गर्ने प्रस्तावहरुः

१. लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।

२. नमोबुद्ध नगरपालिकाको प्रथम नगर सभाको मिति २०७७/१०/१९ गते बसेको अधिवेशनबाट स्वीकृत भएको नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ मा तपशिल बमोजिमको संशोधनका लागि विधायन समितिका संयोजक श्री टिका बहादुर के.सी.ज्यूबाट दोश्रो नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने।

तपशिल

| क्र.म. | ऐनमा भएको व्यवस्था | संशोधन गर्नुपर्ने (खण्ड) | कायम गर्नुपर्ने खण्ड | संशोधन तथा थप गर्नुपर्ने व्यहोरा (कारण) | कैफियत |
|---|---|---|---|---|---|
| १ | परिच्छेद-३ को दफा ५ को उप-दफा (५) | (५) दफा ५. उपदफा (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, संवर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेका प्रतिष्ठित युवामध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नु पर्नेछ। | युवाको हक, हितको संरक्षण, संवर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेका प्रतिष्ठित युवामध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नु पर्नेछ। | नगरपालिका भित्रका युवाको क्षेत्रमा सकृय व्यक्तिलाई नगर युवा परिषद्को कार्यकारी उपाध्यक्ष नियुक्त गर्ने | |

३. नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को हाल सम्मको वित्तीय प्रगति प्रतिवेदन स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृत श्री राजन पौडेलज्यूबाट दोश्रो नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने।

४. नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम स्वीकृत गरी नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूबाट दोश्रो नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने।

५. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक,२०७९ स्वीकृत गरी सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूबाट दोश्रो नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने।

६. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक,२०७९ स्वीकृत गरी विधायन समितिका संयोजक तथा वडा अध्यक्ष श्री टिका बहादुर के.सी.ज्यूबाट दोश्रो नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने।

७. नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को बजैट तथा कार्यक्रम (बजेट वक्तव्य) स्वीकृत गरी नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूबाट दोश्रो नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने।

८. नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ जेष्ठ १९ गते देखि २०७९ असार १० सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने।

९. दोश्रो नगर सभाको पहिलो अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठक मिति २०७९ असार २७ गते सोमबार ११:०० बजे गर्ने।